नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं ५२८

मितिः२०८३/०३/१९

ने.सं. ११४६

श्री गाउँपालिका सबै

श्री नगरपालिका सबै ।

विषयः वैठकको निर्णय कार्यन्वयन सम्वन्धमा ।

प्रस्तुत विषयमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाको नेतृत्वमा मिति २०८३/०१/१५ देखि मिति २०८३/०१/३० सम्म गरिएको राष्ट्रिय पोषण लेखाजोखा २०८२/८३ को प्रारम्भिक नतिजा सम्वन्धमा मिति २०८३/३/८ मा राष्ट्रिय योजना आयोगका स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र हेर्ने माननीय सदस्यको संयोजकत्वमा स्वास्थ्य तथा पोषण सम्वद्ध विषयगत मन्त्रालय निकाय तथा विकास साझेदार संस्थाहरुबीच भएको छलफल वैठकको निर्णयप्रति र राष्ट्रिय योजना आयोगको मिति २०८३/०३/१८ को पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

बोधार्थः

श्री राष्ट्रिय योजना आयोग सिंहदरवार, काठमाडौ ।

श्री स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, सिंहदरवार, काठमाडौ ।

श्री सूचना प्रविधि शाखाः वेवसाईटमा अपलोड गरिदिनुहुन ।

२०८३/३/१९

प्रकाश पन्थी

शाखा अधिकृत

सिंहदरवार, काठमाण्डौं फोन नं.- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं ।

पत्र संख्या: ०८२।८३

चलानी नं : स्वा.प.अ./६२

मिति: २०८३/०३/१८

श्री अर्थ मन्त्रालय,

श्री भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

श्री स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

श्री कृषि, वन तथा पर्यावरण मन्त्रालय,

सिंहदरवार, काठमाडौं ।

**विषय: बैठकको निर्णय सम्बन्धमा।**

प्रस्तुत विषयमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाको नेतृत्वमा मिति २०८३/०१/१५ देखि मिति २०८३/०१/३० सम्म गरिएको राष्ट्रिय पोषण लेखाजोखा, २०८२/८३ को प्रारम्भिक नतिजा सम्बन्धमा मिति २०८३/०३/०८ मा यस आयोगका स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र हेर्नुहुने माननीय सदस्य श्री रेशु अर्याल ढुङ्गानाज्यूको संयोजकत्वमा स्वास्थ्य तथा पोषण सम्बद्ध विषयगत मन्त्रालय, निकाय तथा विकास साझेदार संस्थाहरूबीच भएको छलफल बैठकको निर्णयप्रति जानकारी एवं आवश्यक कार्यार्थ प्रेषित गरिएको व्यहोरा आदेशानुसार अनुरोध छ।

संलग्न: मिति २०८३/०३/०८ को बैठकको निर्णयप्रति पाना -१

शारदा ज्ञवाली

योजना अधिकृत

**सादर अवगतार्थ:**

माननीय सदस्य, श्री रेशु अर्याल ढुङ्गाना, राष्ट्रिय योजना आयोग ।

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

छलफल तथा निर्णयहरू:

१. स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयबाट २०८३ वैशाख १५ देखि ३० गतेसम्म सञ्चालन गरिएको राष्ट्रिय पोषण लेखाजोखा २०८२/८३ को प्रारम्भिक नतिजा सम्बन्धमा स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाबाट प्रस्तुतीकरण भई छलफल गरियो। उक्त लेखाजोखाको नतिजाअनुसार पुड्कोपन, ख्याउटेपन र कमतौलजस्ता प्रमुख पोषण सूचकहरू केही प्रदेश तथा स्थानीय तहमा विगतको तुलनामा कमजोर रहेको सन्दर्भमा कडा शीघ्र कुपोषित बालबालिकाको आपतकालीन उपचारको व्यवस्था सुनिश्चित शिघ्र कुपोषण भएका बालबालिकाको पोषण अवस्था सुधार गरी कुपोषण न्यूनीकरण तथा नियन्त्रणका लागि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले तत्काल कार्यान्वयन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने।

२. नेपालको संविधानअनुसार आधारभूत स्वास्थ्य तथा सरसफाइ, खानेपानी, कृषि उत्पादन व्यवस्थापन लगायका पोषणसँग सम्बन्धित विषय स्थानीय तहको जिम्मेवारीमा रहेको सन्दर्भमा कुपोषण न्यूनीकरणका लागि स्थानीय तहबाट सञ्चालन भइरहेका पोषण विशेष, पोषण संवेदनशील तथा पोषण अवस्था सुधारका लागि सामाजिक तथा व्यवहार परिवर्तन सम्बन्धी कार्यक्रमहरू आगामी वर्षको योजना तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्न भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहलाई अनुरोध गर्ने।

३. स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले तयार गर्ने कार्ययोजना कार्यान्वयनमा आवश्यक पर्ने साधनस्रोत तथा प्राविधिक सहयोगका लागि विकास साझेदार निकायहरूबाट परिचालन हुँदै आएको सहायतालाई दोहोरोपना नहुने गरी कार्ययोजनासँग सामञ्जस्यता कायम गर्न अनुरोध गर्ने ।